| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **TOP GLOVE SDN BHD**

पूर्व स्वीकृति मिति:२०७८/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०६ | LT. No. 260626 | चलानी नं. ६०१७७२०६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648
श्रम ईजाजत नं. १००४/०६८/०६९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संविधानको भावनाविरुद्ध एमाले

नेकपा एमालेले आफ्ना पार्टीबाट प्रनिनिधिसभा सदस्यमा निर्वाचित सांसदहरूलाई शपथ ग्रहण समारोहमा राष्ट्रिय पोसाकमा उपस्थित हुन निर्देशन दिएको छ। एमालेको यो निर्देशन नेपालको संविधान, २०७२ को भावनाविपरीत छ। एमाले संसदीय दलका नेता तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीबाट निर्वाचित सबै सांसदलाई राष्ट्रिय पोसाकमा उपस्थित हुन निर्देशन दिएका हुन् । पार्टी केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले यसको पुष्टि गरेका छन् । एमाले अध्यक्ष ओलीले यो निर्देशन दिँदा संविधानतः सुनिश्चित सबै जाति, समुदायको अधिकारलाई बेवास्ता गरिएको छ । साथै, फरक साँस्कृतिक पहिचान भएका समुदायमाथिको अपमान गरिएकोसमेत ठहर्छ ।

नयाँबानेश्वरस्थित संसद् भवनमा आज दिउँसो १ बजे नवनिर्वाचित सांसदलाई शपथ ग्रहण गराउने कार्यक्रम छ । यसअघि संसद् सचिवालयले सूचना जारी गरेर शपथ ग्रहणका लागि सांसद निर्वाचित भएको प्रमाणपत्र लिएर आउन अनुरोध गरेको छ । उक्त सूचनामा 'राष्ट्रिय पोसाक वा आ–आफ्नो साँस्कृतिक पहिचान झल्कने पोसाक'मा उपस्थित हुन सकिने प्रस्ट उल्लेख गरिएको छ। संसद् सचिवालयको यो निर्णय स्वागतयोग्य छ । विगतमा पनि सांसदहरूले आ–आफ्नो समुदायको पहिचान झल्कने पोसाक लगाएर शपथ लिएका उदाहरण छन् ।

संसद् सचिवालयले सांसदहरूलाई आफ्नो मातृभाषामा शपथ लिने व्यवस्थासमेत गरेको छ । जुन संविधानमा सुनिश्चित गरिएको व्यवस्थाको कार्यान्वयन हो । यो व्यवस्था कार्यान्वयन गर्नु भनेको मुलुकको जातीय, साँस्कृतिक तथा भाषिक विविधतालाई स्वीकार गर्नु हो । सबै जाति, भाषा, संस्कृति र समुदायमाथिको सम्मान पनि हो। संविधानले नै सबै जाति, भाषा तथा साँस्कृतिक समुदायको अधिकार सुरक्षित गरिदिएको छ । आफ्नो मौलिक पोसाक र मातृभाषामा शपथ लिन पाउनु सांसदहरूको अधिकारको कुरा हो। त्यसैले यसलाई रोकेर एउटै पोसाकमा मात्र उपस्थित हुन एमालेले उर्दी जारी गर्नु कत्ति पनि सान्दर्भिक छैन ।

मुलुकमा ठूलो संघर्षबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने काम नेपालको संविधान, २०७२ मार्फत गरिएको छ । यद्यपि, धेरै कुरा यसमा छुटेका छन् । तर, जति संविधानले अधिकार दिएको त्यसको कार्यान्वयन गर्नु राज्यको दायित्व हुन्छ। ती अधिकारहरू कार्यान्वयन गराउने जिम्मेवारी राजनीतिक दलहरूको पनि हो । यस्तोमा एमाले जस्तो जिम्मेवार पार्टीले विगतको एकल जातीय राज्यकै अभ्यासलाई ब्यूँताउन खोज्नु दुःखद् छ । एमालेले आफ्ना सांसदहरूलाई मात्र निर्देशन दिएको अर्थमा यसलाई बुझ्न सकिन्न, संवैधानिक अधिकारमाथिकै प्रहार हो ।

विविधताभित्रको एकता नेपाली समाजको विशेषता हो । तर, विगतमा एकल जातीय राज्य व्यवस्थाका कारण धेरै जाति, समुदायका साँस्कृतिक पहिचानहरू लोप हुन पुगेका थिए। मुलुकमा गणतन्त्र स्थापना भई सबैको अस्तित्व स्वीकार हुने संविधान आइसकेको अवस्थामा एमाले अध्यक्ष ओलीको कदमले पुनः पछाडि फर्कन खाजेको संकेत देखाउँछ। यसमा खबरदारी गर्नु जरुरी छ। आशा छ एमाले सांसदहरूले आफ्नो अधिकारको उपयोग गर्ने आँट गर्ने छन् । यद्यपि, यहाँ राष्ट्रिय पोसाकको विरोध गरेको भने कदापी होइन । राष्ट्रिय पोसाकसँगै फरक साँस्कृतिक पहिचानयुक्त समाजप्रति सम्मानको खोजी हो।

# मुसहर बस्तीको दुःख

▶▶ सञ्जीतकुमार मण्डल

पुसको कठ्यांग्रिँदो जाडो । मनै कमाउने चिसो सिरेटोले कक्रिएको, शरीरलाई चारैतिर परालको कुन्यू, परालबाटै बनेको गुन्द्री र जुटको बोरामा पराल नै कुचिएर बनाइएको ओढ्ने ओछ्याउनेमा गुट्मटचाएर रात कटाउनुपर्ने बाध्यता छ उनीहरूको । महोत्तरी जिल्लाको एकडारा गाउँपालिका-३ भटौलिया गाउँका मुसहर हरूको जीवन वर्षौंदेखि यही बाध्यताले थिचिएको छ ।

खर र परालले नै छाएको सानो झुपडीमा उमेरले ६० वर्ष नाघिसकेका हुकुमा सदा आफ्ना १३ जना लालाबालासहित चिसो स्याँठसँग जुध्दै

मुलुकमा अनेक राजनीतिक परिवर्तन भए, तर यस गाउँका बासिन्दाले त्यसको अनुभूति गर्न नपाएको गुनासो गरेका छन् । रोग, भोक र कठ्यांग्रिँदो चिसोबाट ज्यान गुमाउन लागेका मुसहरहरूको उद्धार र राहतका लागि जननिर्वाचित प्रतिनिधिहरूले ध्यान दिनुपर्ने स्थानीयवासीहरू माग गर्दछन् । देशमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि आफूहरूको पीडामा कुनै ध्यान नदिएको उनीहरूको भनाइ छ ।

आएका छन् । उनको शरीरमा चिसो छल्न सक्ने जति लुगाफाटा छैनन् भने फाटेको पातलो एकसरो कपडाले पनि ढाकेको छैन, उनका छोराछोरी र श्रीमतीको शरीर ।

उनको झुपडीमाथि टुटेका झिक्राझिक्री थिए भने बारबेरसमेत केही थिएन । तिनै झिक्रा दाउरा बालेर त्यसकै वरपर रात बिताउनुपर्ने उनको अवस्थाले हुकुमाको आर्थिक अवस्थालाई झल्काउने मात्र नभई भटौलिया गाउँमा बसोबास गर्ने अन्य मुसहर समुदायको गरिबीलाई देखाउँछ ।

यस बस्तीमा कोही नयाँ व्यक्ति पुग्यो भने बालबालिकाहरू केही बाँड्ने मान्छे आयो भन्दै दगुर्दै झुम्मिन आइपुग्छन् भने उनीहरूका बाबुआमा पनि केही पाइने आशमा तत्काल आइपुग्दै भन्छन्, ' हजुर जे लाइलछी से ओकरेसबके ददिऔं' (हजुर जे ल्याउनुभएछ त्यो उनीहरूलाई नै दिदिनुहोस् ।) ।

स्थानीय सीतादेवी सदा आफ्ना पाँच छोराछोरीसहित परालको ठुट्टो (लार)ले चारैतिरबाट घेरिएको र माथि च्यातिएको प्लास्टिकबाट ठाउँ-ठाउँमा घरभरि उज्यालो आउँदै गरेको सानो झुप्रोमा चिसोसँगै लड्दै समय बिताउँदै आएकी छन् । उनले घरभरि न्यानो पार्न पराल ओछ्याएकी छन् भने ओढ्नका लागि जुटको ठूला-ठूला बोरामा पराल कोचेर बनाइएको सिरक राखेकी छन् । उनी भन्छिन्, 'हाम्रो ओढ्ने, ओछ्याउने सबै पराल नै हो ।' आँगनमा खेल्दै गरेका उनका कुनै छोराछोरीका जीउमा पूरा कपडा थिएन ।

घरभित्रैबाट चिसोले काप्दै सीताले दुखेसो गर्दै भनिन्, 'हजुर हमरा सब लग केऊ नै अबैछै, मैर रहलछी लेकिन केकरो कोनो फिकिर नै है' (हजुर हामीकहाँ कोही आउँदैनन् । मरिरहेछौं तर पनि कसैलाई कुनै मतलब छैन) । विगत चार वर्षदेखि चिसो, वर्षा र घामको सामना गर्दै यसै झुप्रोमा दिन बिताउन बाध्य रहेको उनको भनाइ छ । 'ठूलो परिवार भएकाले खानपानकै जोहो गर्न सकिँदैन भने लुगाफाटा र ओढ्ने ओछ्याउने कहाँबाट ल्याउनु' भन्दै उनले थप पीडा पोखिन् ।

सोही गाउँमा पाँच वर्षदेखि दमको रोगबाट ग्रस्त बनेकी ६५ वर्षीया अनरियादेवी सदा थोत्रो कम्बल ओढेर काप्दै थिइन् । उनले आफूलाई पति र छोराछोरीले समेत राम्ररी हेरचाह नगरेको भन्दै सहारा मागेकी थिइन् । उनी भन्दै थिइन्, 'हजुर मलाई पनि आफूसँगै लैजानोस्, नत्र यहाँ केही दिनमै मर्छु । मलाई बिरामीले धेरै च्यापिसकेको भए पनि मेरो उपचार न त पतिले गराउँछन् न त छोराछोरीले नै मलाई माया गर्छन् ।' उनले आफूलाई चिसो बढेसँगै दमको समस्या बढ्न थालेको तर तातो न्यानो र पोषिलो खाना पर जाओस् दुई/तीन दिनसम्म भोकभोकै पनि रहनुपरेको दुखेसो पोखिन् ।

स्थानीय ४५ वर्षीया कोशिला सदाले पनि दुई सातादेखि राति सुत्न पाएकी छैनन् । उनले भनिन्, 'हजुर दिनभरि जसोतसो काटे पनि राति जाडोले सुत्न सकेको छैन । यही आगोमै रात बिताउनुपर्छ ।' दुई सातादेखि ह्वात्तै चिसो बढेपछि बालबालिका र आफूसमेतलाई बचाउन रातभरि पातपतिंगरको घूर जलाएर सुत्ने गरेको उनी बताउँछिन् । आगो बालेर सुत्दा जल्ने पोल्ने डरले बालबालिकाहरूलाई सुताउँदै आफू जाग्रामै बस्ने गरेको उनको भनाइ छ ।

गरिबीको कारण खानपानकै जोरजाम पनि राम्ररी पूरा गर्न नसक्ने उनका श्रीमान् दिनभरि मजदुरी गरेर कमाएको पैसामध्ये आधाभन्दा बढी मदिरामा उडाइदिने र बाँकी पैसाले उनको परिवार धान्न मुस्किल हुने गरेको छ । हातमुख जोर्न नै धौधौ भएको बेला बालबालिकाहरूका लागि न्यानो लुगाफाटा र पोषिलो खानेकुरा धेरै परको कुरा बनेको छ । यस वर्षमात्रै नभएर उनीहरूले वर्षौंदेखि जाडोयाममा यसैगरी समय काट्ने गरेको कोशिलाले सुनाइन् । दिनमा घाम लागे खुसी हुने र बेलुका घाम ढल्दै जाँदा दुःखी हुँदै रातभरि घूरमा आगो ताप्दै रात बिताउनुपर्ने उनको बाध्यता छ । उनको घरमा पतिसहित पाँच साना बालबालिका छन् ।

बाक्लो हुस्सु र डम्म परेको कठ्यांग्रिँदो जाडोकै बीच बस्ती नजिकै धान खेतमा अर्काको धान बढार्दै गरेकी ७२ वर्षीया भुटीदेवी सदा टाढैबाट कराउँदै आफ्नो पीडा सुनाउन थालिन् । 'हजुर, खान पाएकी छैन । घरमा अन्नपात केही छैन, जीउमा लुगा छैन, छानामाथि ओत छैन र यस्तोमा निष्ठुरी जाडोले ज्यानै लिन लागेको छ । केही सहयोग भए बाँच्ने आश पलाउने थियो ।'

कहाँ जाउँ, के गरुँ र कसरी बाँचु भन्ने चिन्ताले पिरोलिएकी उनी घरी आगो ताप्दै र घरी धान बढार्दै गरेकी थिइन् । उनको सात बालबालिकासहित ११ जनाको परिवार छ । दैनिकरूपमा मजदुरी गरेपछि मात्रै उनको घरमा चुलो बल्छ । एक दिन पनि मजदुरी नभएमा त्यस दिन भनेकै भोकभोकै बस्नुपर्छ । जाडो याममा कहिले काम पाइन्छ भने कहिले कामै पाइँदैन । भुटीले भनिन्, 'हजुर कोही दाता छन् भने हामीलाई कम्तीमा एक महिनाका लागि राहत दिलाइदिनुस् । एक महिनामा जाडो हटेर गएपछि पुनः रोजगारी गरेर खान्छौं । अहिले ज्यान जोगाउनै धौधौ पर्‍यो ।'

उनीसँगै खेतमा एउटा हात नभएका शारीरिकरूपले अशक्त ११ वर्षीय किसन सदाले पनि जीउमा च्यातिएको आधा लुगामात्रै लगाएका थिए भने कठ्यांग्रिँदै एउटै हातले धेरथोर धान बटुल्दै थिए । उनको पनि उही पीडा थियो, 'हजुर राहतमा मेरो पनि नाम लेखिदिनुस् मैले पनि दुई दिनदेखि केही खान पाएको छैन । मेरो पनि घरमा आमा, तीन दिदीबहिनी र मलगायत पाँचजना छौं । कमाउने कोही नहुँदा एउटै हातले भए पनि भोको पेटमा काम गरिरहेको छु ।'

त्यही बस्तैभित्रै सानो खर (पराल)को झुप्रोभित्रै पराल ओछ्याएरै दुई महिने बालकलाई झुत्रो लुगामा बेरेर सुताइएको देखाउँदै सिकिन्दर सदा भन्दै थिए, 'आफैं त कसैगरी जाडो सहन सकिरहेको छु । सानो बच्चालाई कसरी जोगाउनु । घरमा चारैतिरबाट हावा पस्छ । जाडोले मुटु नै हल्लाउँछ । बाक्लो ओढ्ने ओछ्याउने नहुँदा बच्चा जाडोले रुन थाल्छ । कसैगरी कतैबाट राहत दिलाइदिनुस् ।'

गरिबीको पीडामा परेका यस्ता थुप्रै उदाहरणहरू यस गाउँमा भेट्न सकिन्छ । बस्तीका झण्डै १०० परिवार मुसहरको अवस्था त्यस्तै रहेको छ । जुनसुकै घरमा जाँदा पनि सबैको उस्तै पीडा देखिन्छ । अभावै अभावमा जीवन काटिरहेका उनीहरूको अवस्था बढ्दो चिसोसँगै चिन्ताजनक हुँदै गएको छ । चिसो छल्न समयमै उनीहरूलाई न्यानो लुगाफाटा र पोषिलो खानेकुरासहितको राहतको व्यवस्था गरिएन भने बस्तीमा मानवीय क्षति हुनसक्ने स्थानीय जोगिया सदाले बताए ।

सधैं गाँस, बास र कपासको अभाव रहेको सम्पूर्ण बस्तीभरि नै जाडोको कहर रहेको तथा उनीहरूको ज्यान कुनै पनि बेला जान सक्ने अवस्था रहे पनि उनीहरूलाई केही राहत दिनसक्ने अवस्था नभएको वडाध्यक्ष रामविलास राय बताउँछन् । उनले आफू चाहेर पनि मुसहरहरूका लागि तत्कालै केही गर्न नसक्ने तर यस विषयमा गाउँपालिका अध्यक्ष दीपनारायण मण्डलसँग सहयोगका लागि आग्रह गर्ने बताए । जिल्लाको निर्वाचन क्षेत्र नं ३ मा पर्ने यस क्षेत्रबाट संघीय संसद्मा लोकतान्त्रिक समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर र प्रदेशसभा सदस्यमा लोसपा नेत्री रानीकुमारी तिवारी निर्वाचित भएका छन् ।

जोगियासहित बस्तीका सम्पूर्ण पीडितहरूले स्थानीय मुसहरहरूलाई बढ्दै गरेको चिसोबाट जोगाउन जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा सरकारी र गैरसरकारी प्रत्येक सरोकारवालासमक्ष ध्यानाकर्षणका लागि आफूहरूको दुःख र पीडाको कुरा पुर्‍याइदिन सञ्चारकर्मीसँग आग्रह गरेका छन् । जाडोकै कारण यस गाउँमा बर्सेनि दुई/चार जनाले अकालमै ज्यान गुमाउनुपरेको छ ।

विगतमा आफूहरूलाई झूठो वाचा कसम खाएर विभिन्न प्रलोभनमा पार्दै भोट लिने गरेको तर जितेर गइसकेपछि कुनै वास्ता नराख्ने गरेको स्थानीयवासीहरू बताउँछन् । निर्वाचन जितेर गएपछि बस्तीमा कुनै पनि नेताहरू फर्केर आउँदैनन् भने आजसम्म मुसहरहरूलाई लक्षित गरेर कुनै कार्यक्रम सञ्चालन नगरिएको बस्तीका अगुवा रजिन्द्र सदाले बताए ।

मुलुकमा अनेक राजनीतिक परिवर्तन भए, तर यस गाउँका बासिन्दाले त्यसको अनुभूति गर्न नपाएको गुनासो गरेका छन् । रोग, भोक र कठ्यांग्रिँदो चिसोबाट ज्यान गुमाउन लागेका मुसहरहरूको उद्धार र राहतका लागि जननिर्वाचित प्रतिनिधिहरूले ध्यान दिनुपर्ने स्थानीयवासीहरू माग गर्दछन् । देशमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि आफूहरूको पीडामा कुनै ध्यान नदिएको उनीहरूको भनाइ छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे। राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए। विष्णुगुप्तका स्वागत गरे।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे।

पुरुसँग आम्भी रिस गर्थे। सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो। आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो। पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो। उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए। पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन।

यस्तै, धेरै दिन बिते। सिकन्दरको भाग्य बलियो थियो। एक दिन ठूलो वर्षा भयो। झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन।

पुरुले सपनामा पनि सोचेका थिएनन्। सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ। पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो। ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ। पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो। सेनाहरू धेरै मरे। बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गर्‍यो। घोडाहरू काठ र डोरीद्वारा पार गरायो।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरुः केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे। पुरुका दुबै छोरा युद्धमा मरे। क्रमशः

## पत्र–मञ्जुषा

# जनता फसाउँदै अटो व्यवसायी !

नेपाल सरकारले २०८८ सालभित्र पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधन विस्थापन गर्ने भनेको छ । सरकारले कानुन बनाएर राजपत्रमा प्रकाशितसमेत गरिसकेको छ । अहिले बाटामा गुडिरहेका इन्धनबाट चल्ने सवारीसाधन सो अवधिभित्र विस्थापन गरिसक्ने भनेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले निर्णय गरेको थियो । सरकारको निर्णय एकातिर छ भने अटो व्यवसायी अर्कैतिर दौडिएका छन् । इन्धनबाट चल्ने सवारीसाधन भित्र्याउनका लागि अटो व्यवसायीहरू धमाधम बैंकबाट एलसी खोलिरहेका छन्।

अटो व्यवसायीहरूले आफू कमाउनका लागि सर्वसाधारण र बैंकलाई डुबाउन काम गरिरहेका छन्। सरकारले इन्धनबाट चल्ने सवारीसाधनको उमेर तोकिसकेको छ । २०८८ सालपछि इन्धनबाट चल्ने सवारीसाधन गुड्न पाउने छैन । त्यसैले सर्वसाधारणले इन्धनबाट चल्ने सवारीसाधन खरिद गर्नुहुँदैन । त्यस्तै, बैंकले पनि यस्ता सवारीमा लगानी गर्नु हुँदैन । अटो व्यवसायीहरूले जानाजान सर्वसाधारण र बैंक फसाउने योजना बनाएका छन् । त्यसैले बेलैमा सतर्क हुन आवश्यक छ।

अहिले लगानी गरेको सवारीसाधन २०८८ सालपछि गुड्न पाउँदैनन्। एक दशक पनि गुडाउन नपाइकन सवारी थन्काउनुपर्‍यो भने लगानी खेर जान्छ। इन्धनबाट चल्ने सवारीले प्रदूषण गर्‍यो। यता, पेट्रोल र डिजेल किन्दा नेपालको पैसा धेरै बाहिरियो भनेर यो निर्णय गरिएको हो। त्यस्तै, छिमेकी मुलुकले के कारणबस इन्धन पठाएन भने नेपालमा भएको सबै सवारीसाधन थन्किन्छ । बाटोमा सवारी नै रहँदैन । विद्युत्बाट चल्ने सवारीसाधन भयो भने अरुले जेसुकै गरोस् नेपाललाई के मतलब ?

विद्युत् नेपालमै उत्पादन हुन्छ । इन्धनको खानी त यहाँ छैन । भारतले ससाना विषयमा नेपालमा नाकाबन्दी गरिरहेको हुन्छ । त्यसैले विद्युतीय सवारीसाधन अहिलेको आवश्यकता हो । यसलाई प्राथमिकतामा राख्नुको कारण पनि यही नै हो। २०७२ सालमा नेपालको संविधान बन्यो। त्यही झोकमा आएर भारतले नेपालमा नाकाबन्दी गरिदियो । पेट्रोल र डिजेल आउन ठप्प भयो । नेपालका धेरै सवारीसाधन थन्कियो । पैदल हिँड्नुपर्ने बाध्यता आएको थियो ।

गत मंसिर ४ गते भएको चुनावका लागि सबै राजनीतिक दलले आ-आफ्नो घोषणापत्र सार्वजनिक गरे । अधिकांशमा विद्युतीय गाडीलाई प्राथमिकता दिने भनेर उल्लेख छ । मुलुकमा आर्थिक संकट देखिएपछि सरकारले २०७९ वैशाख १४ गतेदेखि विलासिताका वस्तु आयातमा प्रतिबन्ध लगायो । मंसिर २० गतेको मन्त्रिपरिषद्को बैठकले पुस १ गतेबाट प्रतिबन्ध हटाइदियो। एलसी खोलेर गाडीको आयात गर्न सक्ने गरी निर्णय गरिदियो । सरकारले आयात खोल्यो, अटो व्यवसायीहरू धमाधम एलसी खोल्नतिर लागे।

बैंकहरूले गाडीमा भटाभट लगानी गरिरहेका छन् । धमाधम इन्धनबाट चल्ने सवारी नेपालमा ल्याइँदै छ । तर, अहिले भित्रिएका गाडीहरू आठ वर्षपछि विस्थापना गर्नुपर्छ। यातायात कार्यालयमा दर्ता भएका सबै गाडी थन्काउनैपर्छ । सरकारको कानुनमा त त्यही नै भनिएको छ। आठ वर्षपछि त्यो गाडी चल्न नपाउने भएपछि त वित्तीय संस्था र व्यक्ति डुब्ने छन्। अटो व्यवसायीहरूले यसरी बैंक र सर्वसाधारणलाई झुक्याएको छ। उनीहरूको जालोमा परेर धेरै जना फस्छन्।

सरकारले २०८८ पछाडि पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनको म्याद थप्ने भनेर अर्को निर्णय पनि गरेको छैन। संयुक्त राष्ट्र संघको बैठकमासमेत नेपालले सो अवधिमा इन्धनबाट चल्ने सवारीसाधन विस्थापना गरिसक्छौं भनेर हस्ताक्षर गरिसकेको छ । तर, अटो व्यवसायीको हर्कतले यो सम्भव नहोला जस्तो छ । एउटा गाडीबाट दुईदेखि १० लाख नाफा खाएर सरकारको निर्णय लत्याउन पाइन्छ ? अटो व्यवसायीले पर्दाभित्र बसेर बैंक र सर्वसाधारण फसाउने योजना बुन्दा सरकार के हेरिरहेको छ ?

वित्तीय संस्थालाई सरकारले गरेको निर्णय थाहा छैन कि कसो ? कि थाहा पाएर पनि बुझ पचाएका हुन् ? अहिले भकाभक कर्जा दिएका वित्तीय संस्थाहरूले डुबेपछि मात्र भेउ पाउँछन्। सरकारले जनतालाई इन्धनबाट चल्ने सवारीसाधन नकिनौं भनेर निरुत्साहन गर्नुपर्ने हो । जनतालाई पहिले नै सचेत गराउनुपर्ने हो । सरकारको निर्णय अझै पनि कति नागरिकलाई थाहा छैन । निर्णय थाहा नहुँदा उनीहरू इन्धनबाट चल्ने सवारीसाधन खरिद गरिरहेका छन्

सरकारले कि म्याद थप्नुपर्‍यो कि सर्वसाधारणलाई इन्धनबाट चल्ने सवारी खरिद नगर्न सूचना जारी गर्नुपर्‍यो । यो पनि नगर्ने हो भने अब धेरै डुब्छन् । यसतर्फ सरकार र सरोकारवाला सबैको ध्यान दिन जरुरी छ ।

*– रामचन्द्र कार्की, कोटेश्वर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

### आदिवासी जनजाति महिला महासंघमा विवाद

# विद्रोही समूहले बनायो तदर्थ समिति

**काठमाडौं (प्रस)–** राष्ट्रिय आदिवासी जनजाति महिला महासंघबाट विद्रोह गरेको समूहले छुट्टै तदर्थ समिति गठन गरेको छ। महासंघको आठौं महाधिवेसनबाट विद्रोह गरेर जुनिता राईको नेतृत्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरिएको हो । नवगठित समितिले उक्त महाधिवेसन आम आदिवासी तथा आदिवासी महिलाको अपेक्षाबमोजिम वैधानिक तवरले नभएको टिप्पणी गरेको छ ।

बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष राईले महासंघ आफैं स्वायत्त जातीय संस्थाको साझा संगठन भएको उल्लेख गरिन् । कुनै पनि संगठनलाई बहिष्कृत गरी आयोजना हुने महाधिवेसन आफैंमा लोकतान्त्रिक र वैधानिक हुन नसक्ने उनले बताइन् । 'हामी केही जातीय संगठन प्रशासनिकरूपले नवीकरण हुँदाहुँदै पनि कागजात नवीकरण नभएको भन्दै महाधिवेसन प्रक्रियाबाट वञ्चित गराउन खोज्नु न्याय र आदिवासीको मौलिक अभ्यासविपरीतको कार्य हो,' उनले भनिन् ।

'महाधिवेसनको बन्दसत्रमा महासंघमा आबद्ध जम्मा ४८ जातीय महिला सदस्य संगठनमध्ये संस्था नवीकरण नभएको कारण बनाएर २७ सदस्य संगठनलाई बन्दसत्रको हलमा प्रवेश गर्न दिइएन, जुन महासंघकै विधानविपरीत कार्य हो,' समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'महासंघकै सदस्य संगठनले बन्दसत्रमा भाग लिन पाउने, समुदायको प्रतिनिधित्व गर्ने र निर्वाचनमा चुन्न र चुनिन पाउने न्यूनतम नैसर्गिक अधिकारलाई समेत वञ्चित गरिनु अलोकतान्त्रिक, गैरकानुनी र अवैधानिक कार्य हो ।'

महासंघको आधिकारिक महासचिवले बन्दसत्रमा प्रस्तुत गर्नुपर्ने सांगठनिक प्रतिवेदनसमेत प्रस्तुत गर्न नदिनु अर्को विधान, प्रचलित विधि, पद्दति र अभ्यासविपरीत कार्य रहेको समितिको ठहर छ । तदर्थ समितिको वरिष्ठ उपाध्यक्षमा पुष्पा बुढाथोकी, उपाध्यक्षहरू बीना पहरी नगरकोटी (पहाड), रीना थकाली (हिमाल), माया चौधरी (तराई) र महासचिवमा विनिता आलेमगरलाई चयन गरिएको छ ।

# सात महिनादेखि अन्धकारमा मामांखे गाउँ

**फुङ्लिङ–** साँझमा टुकी बालेर बसेका परिवार देख्दा यहाँहरू पनि विगतका दिन पक्कै सम्झिनुहुन्छ होला । त्यो दृश्यले यहाँलाई ती दिनमा दियालो बालेर 'क' 'ख' पढेको, टुकीकै भरमा चिठ्ठीपत्र लेखपढ गरेको सम्झना पनि गराउला । अहिले ताप्लेजुङको सिरिजंगा गाउँपालिका-५ मामांखे गाउँमा पुग्नुभयो भने यहाँले विगत सम्झिन सक्नुहुनेछ ।

गत साता मात्र मामांखेका मनकुमारी लिम्बू साँझमा एउटा टुकी बालेर पारिकाका लागि खाना पकाउँदै थिइन् । घरभित्रको टुकीले आधा भाग पनि उज्यालो प्रकाश दिन सकेको थिएन । टुकीको वरिपरि मात्र केही उज्यालो थियो । सँगसँगै बसेका परिवारलाई अँध्यारोमा चिन्न पनि मुस्किल हुथ्यो । आँखाले देख्न नसके पनि आवाजबाट भने पहिल्याउन सकिन्थ्यो ।

घरभित्रको टुकीले केही उज्यालो प्रकाश दिए पनि घरबाहिर भने अँध्यारो नै थियो । केही छिमेकीको घर छेउमा बालेको आगो ताप्दै छिमेकीहरू विगतका आफ्ना कथा एक-आर्कालाई सुनाउन व्यस्त हुन्थे । आकाशमा ताराहरू चम्किरहेकाले थोरै भए पनि उज्यालो दिएको थियो ।

मामांखे गाउँको यो दृश्य प्रतिनिधिमूलक घटना मात्र हो । सिरिजंगा गाउँपालिका-५ पेदाङ र ६ मामांखे गाउँमा ५०० घरपरिवारको व्यथा अहिले पनि उस्तै छ । गत आसार ३ गते अविरल वर्षाका कारण पहिराले लघु जलविद्युत् गृह बगाएसँगै ५०० घरपरिवार अन्धकारमा बस्न बाध्य भएको खाकसेवा खोला लघु जलविद्युत् उपभोक्ता समितिका अध्यक्ष टीका माबोले बताए । सोही बखत पहिराले गर्दा उक्त गाउँपालिकामा दुई जनाले ज्यान गुमाएका थिए भने ६३ घरपरिवार पूर्णरूपमा विस्थापित हुन पुगेको थियो । अहिले उनीहरूलाई जिल्ला प्रशासनमार्फत पुनःस्थापित गराउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

गत असार ३ गते पहिराले विद्युत् गृह बगाएसँगै अहिलेसम्म विद्युत् जडान नहुँदा ढुंगे युगजस्तै अन्धकारमा बस्नुपर्ने बाध्य हुनुपरेको वडा नं ६ का हर्कबहादुर लिम्बूले बताए । गाउँमा आपत्विपत् पर्दा र मानिस बिरामी पर्दा बिजुली बत्तीको अभावले बढी समस्या हुने गरेको उनको भनाइ थियो । मोबाइलको ब्याट्री चार्ज गर्न नपाउँदा आफ्ना आफन्तहरूसँग कुराकानी गर्नसमेत समस्या हुँदै आएको मामांखेका सुने लिम्बूले बताए । लामो समय बिजुली बत्ती नबनेपछि विद्यार्थीको पठनपाठनमासमेत प्रत्यक्ष असर पर्न पुगेको स्थानीयवासीको गुनासो थियो ।

विद्युत् गृह राख्ने ठाउँ नै नरहनेगरी बगाएर लगेकाले अब त्यस ठाउँमा पुनः विद्युत् गृह निर्माण गर्न समस्या भएको खाकसेक्वा खोला लघु जलविद्युत् उपभोक्ता समितिका अध्यक्ष माबोले बताए । उनले भने, 'हामीले बनाउने भनेर प्राविधिक पनि बोलाएर सर्वेक्षण गरायौं तर ठूलो खर्च लाग्ने प्राविधिकले हिसाब निकाल्यो । गाउँपालिकाले उपलब्ध गराएको बजेट पनि नपुग्ने भएपछि त्यतिकै छोड्यौं । अन्य ठाउँबाट विद्युत् निकालौं भने खोला छैन ।' *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LENGA PALMOIL INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०६ LT. No.276426 चलानी नं. ६०१९२३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4488855/4488856

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMSHER HOSPITALITY AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/०६/०९ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ LT. No. 272578 चलानी नं. ६०१८८३१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 3000 | १०९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coordinator | 1 | 0 | 3000 | १०९,२८० | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 3000 | १०९,२८० | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९१,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०६ LT. No. 275834 चलानी नं. ६०१९१७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt. License 1521/074/075

Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799

E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEAK STAR INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०५/०७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०६ LT. No.270026 चलानी नं. ६०१८५९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 2000 | ७२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३६,४२५ | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ८०,१४० | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९१,०६५ | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1400 | ५०,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758

Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VANYONG SDN.BHD.

पूर्व स्वीकृति मिति: २०७९/०३/२४ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ LT. No. 267044 चलानी नं. ६०१८२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695

E-mail: grmanpower861@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRIMEKLEEN MAINTENANCE SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ LT. No. 266644 चलानी नं. ६०१८२५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 60 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.** Govt. License 776/065/066

(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).

Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392

Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : POLYONE IRRI SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१५ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ LT. No. 268239 चलानी नं.६०१८४१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 2 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BANDAR AL AQILICONSERVATION HOUSE PROJECT AND EMPLOYER

पूर्व स्वीकृति मिति: २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ LT. No. 276525 चलानी नं. ६०१९३५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Technician | 1 | 0 | 1500 | ५२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-014585530, Fax : +977-1-4485522,

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np


## परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम, प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०७९/०९/०७)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार विद्युतीय खरिद प्रणालि मार्फत निर्धारित समयभित्र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङकन समितिबाट तपशिल बमोजिमको बोलपत्र न्युन मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्विकृत गर्ने आशयको **७ दिने सूचना** सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल:**

| ठेक्का नं. | कामको विवरण | स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| PM/NCB/Works/05/2079-080 | Construction of Baijanath Ma. Vi. Jamarani Building Parshuram-8, Dadeldhura | Nigalasaini Construction, Dadeldhura | १३,७३,३०४.६०।- |
| PM/NCB/Works/06/2079-080 | Construction of Shiv Parwati Ma. Vi. Katal Building, Parshuram-4, Dadeldhura | TRP Nirman Sewa, Dadeldhura | ४०,२४,०१०.५५।- |
| PM/NCB/Works/09/2079-080 | Construction of Left out cattle shed, Parshuram-12, Dadeldhura | Bhagwati Construction, Dadeldhura | २६,९६,६५२.०७।- |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक

बिहीबार, ७ पुस २०७९ (Thursday, December 22, 2022)


## रूपशाला

### नम्बरी सुनमा गौरव

राजु गिरीको निर्देशनमा बन्न लागेको फिल्म 'नम्बरी सुन' मा नायक फेरबदल भएका छन् । पहिला आमेश भण्डारी नायकको रूपमा रहेको फिल्ममा अहिले गौरव पहारी भित्रिएका छन् । मंगलवार गौरव र निर्माता नारायण खातीबीच कागजी सम्झौता भएको छ । आमेश बिना जानकारी अस्ट्रेलिया उडेपछि निर्माताले गौरवसँग सम्झौता गरेका हुन् । फिल्ममा गौरवको जोडी नम्रता सापकोटासँग रहनेछिन् । माघ २० बाट फ्लोरमा जाने यो फिल्ममा बुद्धि तामाङ, राजाराम पौडेल, सविन बास्तोला, गीता अधिकारी, स्मृति वली लगायतको अभिनय रहनेछ ।



# मानव अधिकार चलचित्र महोत्सवमा दयाहाङको 'फोर नाइट्स' उत्कृष्ट




■ प्रभाव संवाददाता

**काठमाडौं–** दीपक रौनियार निर्देशित फिल्म 'फोर नाइट्स'लाई उत्कृष्ट फिक्सन फिल्म घोषित गर्दै १० औं नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सकिएको छ । फिल्मले नेपाल पानारोमा तर्फ अवार्ड हात पारेको हो ।

त्यस्तै डकुमेन्ट्री विधातर्फ अनिल बुढामगर निर्देशित 'आइरन डिगर' उत्कृष्ट ठहरियो । यी दुई फिल्मले अवार्ड सहित जनही ५० हजार नेपाली रूपैयाँ हात पारेका छन् । बगंलादेशी निर्देशक जुबोराज सामिमको फिल्म 'द इन्सटिन्क्ट' अन्तर्राष्ट्रिय फिक्सन विधातर्फ उत्कृष्ट भयो । त्यस्तै अन्तर्राष्ट्रियनन-फिक्सन प्रतिस्पर्धातर्फ फिनल्यान्डका निर्देशक लिरिस हेर्माको डकुमेन्ट्री 'सेपहर्डसअफ द अर्थ' उत्कृष्ट ठहरियो । यी दुई फिल्मले अवार्डसहित नेपाली ५० हजार रूपैयाँ हात परेका छन् ।

त्यस्तै महोत्सवमा सम्राट खनाल निर्देशित फिल्म 'थ्रु द सिंगिंग भिलेजेज एण्ड डेथ्स् अन एक्सप्लेन्ड', पिंकी श्री रानामगरको 'हजुर', रुसी फिल्ममेकर डेर्या डेनिजको हेजा (स्ट्रेन्थ), टर्किस् फिल्ममेकर सेरहतका रास्लान्टको 'द क्रिमिनल्स', जर्मनको फिल्म मेकर सेन्गिजअकेगनका 'आयसा' र अमेरिकी फिल्म मेकर किराडेन तथा काटोल्यन रोबेलोको संयुक्त निर्देशन बनेको 'मिजुको' ले विभिन्न विधामा स्पेसल मेन्सन अवार्ड पायो ।

महोत्सवको १० औं संस्करणमा २५ देशका ६४ फिल्म प्रदर्शन गरिएको थियो । 'जलवायु परिवर्तन र पर्यावरणन्याय'को नारा सहित पुस ३ सुरु भएको महोत्सव बुधबार सकिएको हो । महोत्सवका दौरान भारतीय वृत्तचित्र निर्देशक अनिर्वाण भट्टचार्यले 'लुकेर बसेका कथाहरूलाई कसरी वृत्तचित्रमा प्रस्तुत गर्ने ?' विषयक मास्टर क्लास दिएका थिए ।

## आरआरआरको सिक्वेल तयारी सुरु

**मुम्बई, (एजेन्सी)–** घरेलु बक्सअफिसमा २ सय ७४ दशमलव ३१ करोड रूपैंयाँ कमाई गरेको एसएस राजामौलीको फिल्म 'आरआरआर'ले भारतमा मात्र होइन, विश्वभरी नै धुम मच्चायो । रामचरण र जूनियर एनटीआर स्टारर फिल्म यति लोकप्रिय भयो कि दर्शकले यसको सिक्वेलको माग नै गरे ।

ग्लोबलस्तरमा कैयौं प्रतिष्ठित अवार्ड शोको मनोनयनमा परेको फिल्मको सिक्वेलबारे अब निर्माण पक्षले तयारी सुरु गरेको छ । यसको पुष्टि स्वयं फिल्मका निर्देशक एसएस राजामौलीले गरेका छन् । 'जब हामी यो बनाइरहेका थियौं, त्यो बेला हामीलाई सिक्वेलको बारेमा कुनै आइडिया नै थिएन । यसको सुरुवाती सफलताका साथ हामीले थोरै चर्चा गर्यौं र केही राम्रा विचार राख्यौं । तर हामीलाई सिक्वेलको कुनै आइडिया नै आएन । तर, अन्तर्राष्ट्रिय सफलतापछि हामीले पुनः त्यो विचार अगाडि ल्यायौं । मेरो साख्खे भाई एमएम कीरावनी (जो मेरो कोर टिमको हिस्सा छ)ले सिक्वेलको कुरा गरेपछि हामीलाई एउटा राम्रो आइडिया आएको छ । हामीले यसमा काम सुरु गरिसकेका छौं', उनले भनेका छन् ।

एसएसका पिता विजयेन्द्र प्रसादले 'आरआरआर'को सिक्वेलका लागि स्क्रिप्टको काम गरिरहेका छन् । एसएसका अनुसार विजयेन्द्र निकै गम्भीरताका साथ 'आरआरआर'को सिक्वेलका लागि काम गरिरहेका छन् ।

# 'हेरिटेज अफ फेसन अस्ट्रेलिया' सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** हेरिटेज अफ फेसन अस्ट्रेलिया २०२२ भव्य रूपमा सम्पन्न भएको छ। सिड्नी आयोजित शोमा अन्तराष्ट्रिय स्तरमा पहिलो पटक क्रुजमा आयोजना गरिएको असाप इन्टरटेनमेन्टका सञ्चालक सन्तोष अधिकारीले बताए ।

नेपाली डिजाइनर रोबिन परियारले तयार पारेका नेपाली पहिरनमा नेपाली तथा विदेशी मोडलले र्याम्प नापेका थिए । नेपाली पोशाकलाई अन्तर्राष्ट्रियस्तरमा पुर्याउन आफूले पहिलो पटक अस्ट्रेलियाको सिड्नीमा क्रुज इभेन्ट गरेको दाबी सन्तोषको छ । कोरोना महामारीपछि पहिलो पटक आफूले ठुलो लगानीमा विदेशमा फेसन शोको आयोजना गरेको उनको भनाई छ ।

हेरिटेज अफ फेसन अस्ट्रेलियामा नेपालीकका साथै ब्राजिलियन र मोरक्कन मोडल नेपाली पहिरनमा र्याम्पमा हिँडेका थिए । सभ्य र भव्य रूपमा सम्पन्न कार्यक्रम नेपाली कला र संस्कृतीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गरिएको थियो । हेरिटेज अफ फेसनको दुई सिजन नेपालमा र एक सिजन अस्ट्रेलियामा आयोजना भैसकेको थियो । फेसन शोका सञ्चालक अधिकारी फिल्मका निर्माता समेत हुन । सन्तोष दीपेन्द्र के खनाल निर्देशित फिल्म आमाका सह निर्माता र अर्पण थापा निर्देशित फिल्म तीन जन्तुका निर्माण गरेका थिए ।

## रंगशाला

# आहा रारा पोखरा गोल्डकप पुस दोस्रो सातादेखि




■ प्रभाव संवाददाता

**पोखरा–** राजधानी बाहिरको चर्चित र प्रतिष्ठित राष्ट्रिय तथा अन्तर र्ाष्ट्रिय अन्तर क्लब आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको २२औँ संस्करणमा १० टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । सहारा क्लब पोखराको आयोजनामा यही पुस १४ देखि २३ सम्म पोखरा रङ्गशालामा हुने सो प्रतियोगिताको यसपालि पुरस्कार राशिमा समेत वृद्धि गरिएको छ ।

प्रतियोगिताको विजेताले रु १२ लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्दा उपविजेताले रु छ लाख प्राप्त गर्ने छन् । गत वर्षको तुलनामा विजेतालाई रु दुई लाख र उपविजेतालाई रु एक लाख पुरस्कार वृद्धि गरिएको आयोजक सहारा क्लबका महासचिव रामजीप्रसाद अधिकारीले बताए ।

यसअघि पुस १२ देखि २३ सम्म प्रतियोगिता सञ्चालन गर्ने भनी एन्फाबाट समयतालिका प्राप्त भएकामा पोखरामा हुने १३ गतेको मैत्रीपूर्ण खेलका कारण दुई दिनपछि प्रतियोगिता सरेको हो । प्रतियोगितामा नेपालका 'ए' डिभिजनका क्लबहरू नेपाल एपिएफ क्लब, मनाङ मर्स्याङ्दी, त्रिभुवन आर्मी फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड फुटबल क्लब, अमेरिकाको बिवाइएससी, मच्छिन्द्र फुटबल क्लब, नेपाल प्रहरी फुटबल क्लब, सङ्कटा, धरान फुटबल क्लब र आयोजक सहारा क्लब पोखराले भाग लिनेछन् । गत वर्ष एपिएफ च्याम्पियन बन्दा उपविजेता मनाङ मस्याङ्दी क्लब भएको थियो ।

विसं २०५८ मा क्याराभान गोल्डकपलाई गणना गर्दै २२औं संस्करणबाट आहा ! रारा पोखरा गोल्डकप नामकरणमा प्रतियोगिता सञ्चालन हुन लागेको हो । प्रतियोगिताबाट बचत रकम क्लबबाट सञ्चालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीका लागि खर्च गरिँदै आएको छ । सो एकेडेमीमा हाल तेस्रो ब्याचको १३ बालक आश्रित रहेका सहारा क्लब पोखराका अध्यक्ष हरिराम गुरुङले बताउनुभयो । प्रतियोगिताका लागि सहारा क्लब हङकङले रु तीन लाख सहयोग उपलब्ध गराउने छ ।

प्रतियोगिताबाट आम्दानी रु एक करोड ५९ लाख ५० हजार र खर्च रु एक करोड १३ लाख ५६ हजार हुने अनुमान गरिएको छ । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन सहरको रूपमा स्थापित गरौं' उद्देश्यका साथ मोफसलको चर्चित सहारा क्लब पोखराले सञ्चालन गर्ने यो प्रतियोगितामा विगतमा जस्तै यसपटक समेत हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजन छ ।

# न्यू होराइजनको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**भैरहवा–** रूपन्देहीको भैरहवामा बुधबारबाट अन्तर कलेज 'साई ग्लोबल कप-२०७९' टि-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । रूपन्देही क्रिकेट संघको आयोजनामा प्रतियोगिता सुरु भएको हो । प्रतियोगिताको उद्घाटन खेलमा जित निकाल्दै न्यू होराइजन कलेज, बुटवलले विजयी सुरुवात गरेको छ । न्यू होराइजनले साइग्लोबल कलेज, भैरहवालाई १ सय १५ रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी यात्रा सुरुवात गरेको हो ।

सिद्धार्थ रंगशालामा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले निर्धारित २० ओभरको खेलमा ४ विकेट गुमाउँदै २ सय २८ रनको बिशाल लक्ष्य खडा गरेको थियो । उसका लागि अमर मिश्राले आकर्षक ब्याटिङ गर्दै १ सय ३ रनको योगदान दिए । म्यान अफ द म्याचसमेत रहेका मिश्राले ६० बलको सामना गर्दै ९ चौका र २ छक्काको मद्दतले शतक पुरा गरेका थिए । त्यसैगरी आशिष लोहनीले २३ रन बनाउँदा राहुल भण्डारी, अंकित बिएम तथा प्रकाश गिरीले समान १८-१८, र निश्चल ज्ञवालीको १२ रनको योगदान दिए । बलिङगमा साइग्लोबलका फराद अहमद, बिबेक कोहाँर र अजय रसाइलीले समान १-१ विकेट लिए ।

प्रतिउत्तरमा साइग्लोबलले ९ विकेटको क्षतिमा १ सय १३ रन मात्रै बनाई हार व्योहोर्न पुग्यो । साइग्लोबलका विद्या गुप्ताले सर्वाधिक ५६ रन बनाए पनि टिमलाई जित दिलाउस सकेनन् । त्यस्तै, अजय रसाइलीले ३० र सुरज यादवले १५ बाहेक अरु कसैले दोहोरो अंकको योगफल बनाउन सकेनन् । साइग्लोबललाई सस्तैमा रोक्ने क्रममा न्यू होराइजनका अमर मिश्राले ६ विकेट लिए भने प्रकाश गिरीले २ र विशाल भुसालले एक विकेट लिए ।

यसअघि प्रतियोगिताको उद्घाटन गर्दै नेपाल उद्योग बाणिज्य महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले विधार्थी र खेलाडी बन्नेहरूका लागि यो प्रतियोगिता उत्प्रेरणााको स्रोत बताए । उनले खेलले आफ्नो ठाउँ, नाम र मुलसकलाई चिनाउन मद्दत गर्ने जनाए । 'क्रिकेटको पवर्द्धन गर्न यो प्रतियोगिता महत्वपूर्ण छ । क्रिकेट संघले धेरै खेलाडी जन्मायो । रूपन्देही र भैरहवालाई चिनायो । अब पनि धेरै खेलाडी उत्पादनमा ध्यान दिनुपर्छ', उनले भने । खेलको निष्ठा जागृत गर्न विद्यालयहरूले खेललाई प्राथमिकता दिनुपर्नेम उनले जोड दिए । 'धेरै विद्यालयहरूले खेललाई प्राथमिकता दिएका छैनन् । अब दिनुपर्छ । निजी क्षेत्र सधै साथमा छ', उनले भने । शर्माले खेलमा अनुशासन जरुरी रहेको जनाउँदै सबै विद्यार्थी खेलाडीहरूलाई अनुशासनको पालना गर्न आग्र गरे ।

संघका अध्यक्ष हरिबहादुर थापाले अबका दिनमा पनि कुनै पनि विद्यालयसँग समन्वय गरेर यस्ता प्रतियोगिता आयोजना गरिरहने जनाए । 'संघ सधैं क्रिकेटको विकासमा लागेको छ र लागिरहनेछ', उनले भने, 'खेलाडीका मर्म, इच्छा बुझ्ने कोसिस गर्नेछौं । धेरै खेलाडी उत्पादनमा लाग्नेछौं ।' उनले विद्यालयस्तरका यस्ता खेलकुदले भविष्यमा खेलाडी उत्पादनमा टेवा पुग्ने जनाए ।

संघका संस्थापक अध्यक्ष प्रेमकुमार सेन्चुरीले खेलाडीको जन्म विद्यालयबाटै हुने भएकाले विद्यालयस्तरीय प्रतियोगिता धेरै आयोजना गर्नुपर्नेमा जोड दिए । 'रूपन्देही क्रिकेटको उर्भरभूमि हो । सफलतालाई अझै बढाउनुपर्छ । खेल राष्ट्रका लागि पनि महत्वपूर्ण हो । क्रिकेटले अन्तर्राष्ट्रिय जगतमा मुलुकलाई आगामी दिनमा पक्कै चिनाउने छ, यसका लागि राम्रा खेलाडी उत्पादनमा लागौं', उनले भने ।

पुस १६ गतेसम्म चल्ने प्रतियोगितामा रूपन्देहीका निजी तथा सामुदायिक गरी २० वटा कलेजको सहभागिता छ । प्रतियोगितामा बिजेताले ४० हजार रूपैयाँ र ट्रफी तथा उपबिजेताले २० हजार रूपैयाँ र ट्रफी प्राप्त गर्नेछन् । त्यसैगरी म्यान अफ द सिरिजले ५ हजार रूपैयाँ, बेष्ट ब्याटर तथा बेष्ट बलरले जनही २ हजार ५ सय तथा प्रत्येक दिनको म्यान अफ द म्याचलाई १ हजार रूपैयाँले पुरस्कृत गरिने संघका सचिव संजय गुरुङले जानकारी दिए । यस्तै, प्रतियोगितामा अनुशासित एक टिमलाई समेत पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगितालाई साई ग्लोबल एकेडेमीले मुख्य प्रायोजन गरेको छ ।

## सुमन र इशानलाई स्वर्ण

**काठमाडौं, (प्रस)–** नेपालका सुमन थापा मगर र इशान सापकोटाले राष्ट्रिय कराते प्रतियोगिता (आईकेओकेएस, कोलकाता ब्रान्चेस) मा स्वर्ण जितेका छन् । पुरुष ५५ केजीमुनि सुमन र ३० केजीमुनि इशानले स्वर्ण जितेको इन्टरनेसनल फेडरेसन अफ क्योकुसिन काइकान कराते (आईएफकेके) का प्रमुख प्रशिक्षक प्रेम लामाले जनाएका छन् ।

भारतको कोलकातामा डिसेम्बर १७ देखि १८ तारिखसम्म भएको प्रतियोगिताको पुरुष ५५ केजीमुनि शेख रिजवानले रजत तथा ४५ केजीमुनि प्रवेश गुरुङले कांस्य र कातामा सुशान्त सापकोटाले कांस्य जिते ।


अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

**आशयको सूचना**

(प्रकाशित मितिः २०७९।०९।०७)

प्रस्तुत सन्दर्भमा Upgrading of Pyauli -Yaku -Bharlabot Road (CH:0+000 to 14+000) ठेक्का नं. NCB/02 /RW/ARUN/079/80 कार्यको श्री अरुण गाउँपालिकाको मिति २०७९।०७।२३ गते प्रकाशित सूचना बमोजिम E-Bid मार्फत पेश हुन अएका बोलपत्रहरू मुल्यांकन समितिबाट सबै भन्दा घटि कबोल गरि पेश गर्ने तपसील बमोजिमको फर्मले पेश गरेको मूल्य दर रेट सहितको लागत अनुमान भन्दा कम पेश हुन आएको र मूल्यमा तात्विक फरक नपरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम तपसीलको फर्मले पेश गरेको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम ७ दिने आशयको सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसील :

| योजनाको नाम | ठेक्का न. | सफल फर्मको नाम र ठेगाना | कबोल रकम जम्मा | लागत अनुमान भन्दा घटि प्रतिशत |
|---|---|---|---|---|
| Upgrading of Pyauli -Yaku -Bharlabot Road(CH:0+000 to 14+000) | NCB/02 /RW/ ARUN/ 079/80 | Saptakoshi Construction Bhojpur municipality : 8 Bhojpur | NRs: 9024421.41/- | 34.26% |

प्रमुख प्रशासकीय अधिकृत

# 'महिलालाई विश्वविद्यालय जान प्रतिबन्ध लगाउनु दुःखद्'



**संयुक्त राष्ट्रसंघ–** तालिबान सरकारले यहाँका महिला तथा किशोरीलाई विद्यालय विश्वविद्यालय जान प्रतिबन्ध गरेको घटनाले आफू स्तब्ध भएको संयुक्त राष्ट्रसंघीय एक अधिकारीले बताएका छन् । अफगानिस्तानमा लागि संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले एक विज्ञप्तिमार्फत सो कुरा बताएका हुन् ।

'अफगानिस्तानको तालिबान सरकारको यो निर्णयले मलाई दुःख लागेको छ, म स्तब्ध भएको छु,' उनले भनेका छन्, 'तालिबानले अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट रोकेको घटनाको म विरोध गर्दछु ।'

उनले यस्तो निर्णय अफगानिस्तानका उच्च शिक्षासम्बन्धी मन्त्रीले हालै गरेको भनी गरिएको प्रचारले अफगानिस्तानका सबै महिला दुःखी भएका पनि बताएका छन् । उनले यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद् भएको धारणा राखेका छन् ।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन सुरु भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ । उनीहरूलाई धेरै सार्वजनिकस्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरू विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ ।

तालिबानले यहाँका महिला अधिकारको हनन् गरिरहेकाले संयुक्त राष्ट्रसंघीयसभा तथा बैठकमा यस्ता विषयमा कुरा उठ्ने गरेको पनि उनले बताएका छन् । यस निर्णयका बारेमा संयुक्त राष्ट्रसंघले थप स्पष्ट जानकारीको खोजी गरिरहेको भन्दै आगामी दिनमा यस्ता निर्णय फिर्ता लिनका लागि आफूले पहल गर्न पनि उनले बताएका छन् । *रासस/सिन्ह्वा*

# १३ रोहिंग्याको हत्यामा संलग्न गिरोह पक्राउ

**यांगुन–** म्यानमारको प्रहरीले १३ जना रोहिंग्याको हत्यामा संलग्न मानव बेचबिखन गर्ने गिरोहका १२ जना संदिग्ध सदस्यलाई पक्राउ गरेको छ । गत डिसेम्बर ९ मा व्यापारिक केन्द्र यांगुन नजिकैको हलेगु सहरको एक कम्पाउण्डमा प्रहरीले छापा मारेर पाँच वटा गाडी र तस्करीमा प्रयोग हुने एउटा तेल टयांकर नियन्त्रणमा लिएको थियो ।

उक्त गिरोहले पश्चिमी रखाइन राज्यबाट २५५ जना 'बंगाली' लाई तस्करी गरेको र बौद्ध बहुल म्यान्मारमा व्यापक विभेदको सामना गरिरहेका मुस्लिम अल्पसंख्यक समुदायका लागि अपमानजनक शब्द प्रयोग गरेको बताइएको छ । यसले उनीहरूको अन्तिम गन्तव्य के हो भनेर बताएको छैन ।

गत डिसेम्बर ५ मा हलेगु नजिकै सडक किनारमा मृत भेटिएका १३ जना रोहिंग्याको संलग्न ता उक्त गिरोहमाथि भइरहेको अनुसन्धानसँग जोडिएको बताइएको छ । बयानमा उनीहरूको मृत्यु कसरी भयो भन्नेबारे विस्तृत विवरण दिइएको छैन तर एक रोहिंग्या स्रोत र स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त समूह तेल टयांकरभित्र यात्रा गरिरहेको थियो ।

हलेगुको कम्पाउण्डमा छापा मार्दा अन्य १९ जना रोहिंग्यालाई तस्करले आफ्नो यात्राको अर्को चरणमा लैजान पर्खिरहेका थिए । सन् २०१७ मा म्यान्मारमा भएको सैन्य कारबाहीबाट भागेर लाखौं रोहिंग्या मुसलमान हत्या, बलात्कार र आगजनीका पीडादायी कथा लिएर छिमेकी देश बंगलादेश पुगेका थिए ।

म्यान्मारले संयुक्त राष्ट्रसंघको उच्च अदालतमा नरसंहारको आरोप खेपिरहेको छ । रोहिंग्यालाई बंगलादेशबाट अनधिकृतरूपमा म्यानमार प्रवेश गरेको आरोप लगाउने गरिएको छ । उनीहरूलाई नागरिकता, धेरै अधिकार, स्वास्थ्य सेवा र शिक्षाको पहुँचबाट धेरै हदसम्म वञ्चित गरिएको छ ।

अधिकारवादी समूहले रखाइन राज्यभन्दा बाहिर वा बस्तीबीच यात्रा गर्ने प्रयास गरेको आरोपमा उनीहरूलाई पक्राउ र मुद्दा चलाइएको बताएका छन् । हरेक वर्ष सयौं रोहिंग्या प्रायः डुंगा चढेर देश छोडेर भाग्ने खतरनाक प्रयास गर्छन् र मलेसिया वा इण्डोनेसियातर्फ जाने गर्छन् ।

यसै महिनाको सुरुमा अदुवा ओसारपसार गर्ने ट्रकमा लुकेर बसेका ७० जना रोहिंग्यालाई यांगुनको उत्तरमा सडकछेउको नहरमा ठोक्किएपछि पक्राउ गरिएको जुन्ताले जनाएको थियो । *रासस/सिन्ह्वा*

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०९/०७**

यस बेतझोरी सामुदायिक वनबाट आ.व. ०७८/०७९ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम रूख कटान भई उत्पादन भएको ढुङ्गाजोर खोला चौर कमलामाई न.पा.-१ स्थित घाटगद्दीमा लट बनाई राखिएको साल लगायत अन्य जातका गोलिया थान १३७ को २१०३.९३ क्यू.फिट काठ र साल मिश्रित ०.७५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका ईच्छुक वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचिकृत उद्योगले यो सूचना यस राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दर्ता दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । विस्तृत व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बेतझोरी सामुदायिक वन उपभोक्ता समूह,**
**कमलामाई न.पा.-१, सिन्धुली**

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RANGERS SECURITY SERVICES WLL**

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 276451 | चलानी नं.६०१९२१५१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 33 | 0 | 1500 | ५४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अनतरवार्ता धमाधम भइरहेको हुँदा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौं तथा इटहरीमा मिति: २०७९ पौष १४/१५/१६/१७ गते (29/30/31st Dec. 2022 & 1st Jan, 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MY HEALTH RESTAURANT IS THE BEST FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति: २०७९/०९/०५ | LT. No.277830 | चलानी नं. ६०१९३५८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 1 | 0 | 2000 | ७०,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **C.C. CLEANING SERVICES**

पूर्व स्वीकृति मिति:२०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ | LT. No. 270851 | चलानी नं. ६०१८६६६९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 3 | 0 | 1500 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL-JAZEA FACTORY COMPANY FOR THE PRODUCTION OF POLYETHYLENE PIPES**

पुर्व स्वीकृति मिति २०७९/०९/०५ | LT. No 278005 | चलानी नं. ६०१९३५७२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Worker | 10 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPERB SOLUTIONS Pvt.Ltd.**
श्रम ईजाजत नं. २६४/०५८/०५९
P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243, Fax: +977-1-4498210
Mobile No. 9851324654, 9812355544, 9851077524

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BARQ EXPRESS SERVICE FOR INFORMATION TECHNOLOGY**

पूर्व स्वीकृति मिति : २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/०६ | LT. No. 275358 | चलानी नं.६०१९१९०९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Car Driver | 6 | 0 | 1700 | ५९,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EWAN HUMAN RESOURCES COMPANY**

पूर्व स्वीकृति मिति २०७८/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ | LT. No. 259699 | चलानी नं. ६०१९२४९०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Ordinary Labor | 74 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH**

पूर्व स्वीकृति मिति २०७९/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०९/०६ | LT. No. 257817 | चलानी नं. ६०१८०४८८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Normal Factor | 51 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAAD MOHAMMED SAEED AL-QARNI FACTORY FOR INDUSTRY**

पूर्व स्वीकृति मिति २०७९/०७/०२ | LT. No. 274007 | चलानी नं. ६०१९००५६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०७/१५ | LT. No. 274664 | चलानी नं. ६०१९०३२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaning | 3 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MSTQBL THANY COMPANY GENERAL CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/०९/०५ | LT No. 278008 | चलानी नं. ६०१९३५७५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 20 | 0 | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १४ गते (29th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.** Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## मेगा बैंक नेपाल लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना



(प्रकाशित मिति : २०७९/०९/०७)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/०९/१३

**बोलपत्र खोलिने मिति**
२०७९/०९/१४ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| १. | अन्य कर्जा | **ऋणी : सतई बनिया**<br>(ना.प्र.नं. १३५६, मिति २०४५/०१/०७ मा जि.प्र.का कपिलबस्तुबाट जारी भएको)<br>ठेगाना : कपिलवस्तु न.पा. वडा नं. १४, कपिलवस्तु<br>बाबु : लखपत बनिया<br>बाजे : शिवनन्दन बनिया<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**शिकन्दर वनिया**<br>ना.प्र.नं. २/०८/५२३३०, मिति २०६१/०१/२७ मा जि.प्र.का कपिलवस्तुबाट जारी भएको)<br>बाबु : सतई वनिया<br>बाजे : लखपत वनिया<br>**(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)**<br>**(प्रकाशित मिति २०७७/१०/१५)**<br>**(धितो लिलामी सम्बन्धी १५ दिने सूचना)**<br>**(प्रकाशित मिति २०७९/०७/२९)**<br>**(नयाँ पत्रिका/सौर्य राष्ट्रिय दैनिक)** | सतई बनियाको नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, पिपरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. १६६ (०-०-१७ विगाहा), कि.नं. २१३३ (०-०-१५ विगाहा), कि.नं. १५८९ (०-१-४ विगाहा), कि.नं. १५९० (०-१-२ विगाहा), कि.नं. २११९ (०-२-८ विगाहा) र कि.नं. २१३९ (०-१-६ विगाहा) भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । | <br>**सतई बनिया**<br><br>**शिकन्दर वनिया** |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइट: www.megabanknepal.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०१२०० | प्रति तोला – १००७०० | प्रति तोला – १४०० |



**तोरी खेत** शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका किसानले खेतमा लगाएको तोरी, गहुँ र आलु खेती । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# 'तातोपानी नाका पूर्णरूपमा खुलाउन पहल भइरहेको छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले चीनसँगको व्यापारिक नाका तातोपानी पूर्णरूपमा खुलाउन पहल भइरहेको बताएका छन् । सिन्धुपाल्चोक क्षेत्र नं १ का निर्वाचित प्रतिनिधिसभा सदस्य माधव सापकोटा नेतृत्व टोलीको ज्ञापनपत्र बुझेपछि उनले भूकम्पपछि नाका खोल्ने विषयमा आफू लगातार लागिपरेको बताए । टोलीले तातोपानी नाका खुलाउन पहल गरिदिन अध्यक्ष दाहाललाई ज्ञापनपत्रसहित अनुरोध गरेको थियो ।

दोस्रो पटक प्रधानमन्त्री भएपछि आफूले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग नाका खुलाउने विषयमा छलफल गरेको स्मरण गर्दै अध्यक्ष दाहालले तातोपानीका नेपाली व्यवसायी एवं नेपालको व्यापारिक दृष्टिबाट सो नाका महत्वपूर्ण रहेको स्पष्ट पारे ।

चिनियाँ पक्षसँगको हरेक भेटमा तातोपानी नाका छलफलको विषय बनेको स्मरण गर्दै उनले यसको ऐतिहासिक पक्षबारे पनि चीनलाई जानकारी गराइएको बताए । चिनियाँ राजदूत हाउ यान्छीसँगको बिदाइ भेटमा पनि आफूले यसबारे कुराकानी गरेको र सकारात्मक जवाफ पाएको अध्यक्ष दाहालको भनाइ थियो ।

भूकम्पपछिको पुनःनिर्माण भइसकेको र ड्राइपोर्ट पनि बनिसकेको अवस्थामा नाकालाई दोहोरोरूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले चीनबाट नयाँ राजदूत आएपछि आफूले थप कुरा गर्ने टोलीलाई विश्वास दिलाए । अध्यक्ष दाहालले नयाँ राजदूत आएपछि दुवैतिर आवतजावत खुला हुनेमा आफू विश्वस्त रहेको प्रतिक्रिया दिएको सांसद सापकोटाले जानकारी दिए । जुरे पहिरो, भूकम्प वा अन्य सन्दर्भमा आफू सिन्धुपाल्चोकका जनतासँग जोडिएको चर्चा गर्दै अध्यक्ष दाहालले सिन्धुपाल्चोकका जनताको समस्यामा आफू अझ बढी संवेदनशील रहेको र समस्या समाधान गर्ने बताए ।

ज्ञापनपत्र बुझाएपछि सिन्धुपाल्चोक-१ का प्रतिनिधिसभा सदस्य सापकोटाले नेपाल-चीनबीचको प्रमुख व्यापारिक केन्द्र तातोपानी नाका सहजरूपमा सञ्चालन र अरनिको राजमार्गको स्तरोन्नतिका लागि अध्यक्षलाई ध्यानाकर्षण गराइएको जानकारी दिए । उनीसँगै ज्ञापनपत्र बुझाउन बागमती प्रदेशसभा सदस्य सरल सहयात्री, अमृता नेपाल, सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घ, नेपाल ट्रक कन्टेनर ढुवानी सेवा, नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका प्रतिनिधि अध्यक्ष दाहाल निवास खुमलटार पुगेका थिए ।

यसैबीच निवर्तमान सभामुख अग्निप्रसाद सापकोटाले तातोपानी नाका सञ्चालनका लागि आफ्नोतर्फबाट पहल जारी राख्ने बताएका छन् । भेटमा प्रतिनिधि तथा प्रदेशसभाका सांसद र व्यापारीसँग उनले नाका खुलाउन आफ्नो पहल जारी रहने विश्वास दिलाएका थिए ।

## कर्पोरेट

### नबिल बचत खातामा घातक रोग बिमा निरन्तरता

**काठमाडौं (प्रस)–** नबिल बैंकमा खाता खोलेबापत गरिएको इन्स्योरेन्समा ६ करोड २९ लाख दाबी भुक्तान गरेको छ । यो बिमाअन्तर्गत ३३८ जना ग्राहकहरूको ६ करोड २९ लाख रूपैंया दाबी भुक्तानी भएको छ । हरेक बचत खातामा घातक रोगको बिमा तथा आवधिक जीवन बिमा सुविधा योजना अन्तर्गत बिमा गरेका मध्ये ३३८ जनाको दाबी भुक्तानी भएको बैंकले जनाएको छ ।

मेट लाइफ इन्स्योरेन्ससँगको सहकार्यमा सुरु गरेको यस योजना अन्तर्गत बैंकले पछिल्लो चार वर्षमा १६ करोड ७ लाख रूपैयाँ रकम बराबरको प्रिमियम भुक्तान गरेको छ । नबिल बैंकका अनुसार मुद्दतिबाहेक सबै प्रकारको बचत खातामा घातक रोग तथा अवधिक जीवन बिमा हुने गरेको छ ।

### रिलायन्स लाइफको सम्मान कार्यक्रम



**धनगढी (प्रस)–** रिलायन्स लाइफ इन्स्योरेन्सद्वारा धनगढीमा अभिकर्ता भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत निराजन कंडेल, चिफ बिजिनेश अफिसर सुर्य प्रकाश गुप्ता चिफ बिजिनेश अफिसर सन्दिप कसजु, रिजनल मेनेजर ललितबहादुर साउदको तथा कम्पनीका स्थानीय प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा कम्पनीका अभिकर्ताहरू 'रिलायन्स साथी' हरूलाई उत्कृष्ट व्यवसायिक प्रदर्शन गरिए बापत सम्मान गरिएको थियो ।

### ग्लोबल आइएमई र राजधानी डेरीबीच सम्झौता

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र राजधानी डेरी प्रा.लि.बीच कृषि कर्जाको सहजीकरणसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र राजधानी डेरी प्रा.लि.का अध्यक्ष राजकुमार दाहालले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार, ग्लोबल आइएमई बैंक लिमिटेडले राजधानी डेरीको सिफारिसमा काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका तथा आसपासका दुग्ध उत्पादक किसानहरूलाई सहुलितयपूर्ण कर्जा उपलब्ध गराउनेछ ।

कृषि व्यवसाय गरिरहेका ग्रामिण क्षेत्रका कृषकहरूलाई उद्यमी बनाउन पूँजी लगायत प्राविधिक सीप विकास गर्न यसबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै, दुग्ध व्यवसायको माध्यमबाट कृषकहरूलाई उत्पादनसँग जोड्न, थप रोजगारी सिर्जना गर्न र स्वरोजगारी बनाउन यसले सहयोग पुग्नेछ । बैंकले समय-समयमा यस्ता विभिन्न किसिमका योजनाहरू ल्याई आफ्ना ग्राहकहरूलाई लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो




वाणिज्य बैंक हो । बैंकले २९२ शाखा, २७० एटिएम, २७५ शाखा रहित बैंकिङ सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८९० भन्दा बढी सेवा केन्द्रबाट ३० लाखभन्दा बढी ग्राहकहरू माफ सेवा प्रदान गर्दैआएको छ ।

### सिटिजन्स बैंक र मनकामना डेण्टलबीच समझदारी

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र इटहरीस्थित मनकामना डेण्टल एण्ड अर्थोडेन्टिक केयर बीच सिटिजन्स बैंकका कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले मनकामना डेण्टल एण्ड अर्थोडन्टिक केयरका विभिन्न सेवाहरूमा ४० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा




ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८० वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १३३ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ ईकाईहरूबाट करिव १५ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ ।

# सेयरबजारमा सामान्य गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको चौथो कारोबार दिन बुधबार नेप्से परिसूचक ओरालो लागेको छ । बुधबार नेप्से परिसूचक ५.८९ अंकले ओरालो लागेर १८६७.२२ विन्दुमा पुगेर रोकिएको छ ।

मंगलबार सेयर बजार १४.२२ अंकले वृद्धि भएको थियो । २५२ कम्पनीको कारोबारमा २४ लाख ४० हजार ३०७ कित्ता सेयर किनबेच भएको र ८६ करोड ३८ लाख भन्दा बढीको सेयर किनबेच भएको छ । यस्तै, एनआइसी एसिया बैंकको सेयर कारोबार सर्वाधिक भएको छ । बैंकको ११ करोडभन्दा बढीको सेयर बिक्री भएको छ । नविल बैंकको ३ करोड भन्दा बढीको कारोबार भएको छ । आँधिखोला लघुवित्त वित्तीय संस्थाको र सृजनशिल लघुवित्त वित्तीय संस्थाको १० प्रतिशतले मूल्य वृद्धि भएको छ । १३ वटा उपसूचकहरूमध्ये बैंकिङमा ०.२७ प्रतिशतले वृद्धि भएको छ। बाँकी सबै उपसूचकहरू रातामै भएको छ । सबैभन्दा धेरै फाइनान्स र अन्य उपसूचकमा ओरालो लागेको नेप्सेले जानाएको छ ।

# लघुवित्त बैंकर्स संघ र संस्था संघर्ष समितिबीच सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लघुवित्त बैंकर्स सङ्घ र लघुवित्तीय संस्था सङ्घर्ष समितिबीच १२ बुँदे सहमति भएको छ । सङ्घ र सङ्घर्ष समितिले आयोजना गरेको संयुक्त पत्रकार सम्मेलनमा १२ बुँदे सहमति भएको जनाइएको हो । सहमतिसँगै सङ्घर्षका कार्यक्रम स्थगित गरिएको सो अवसरमा जानकारी दिइयो ।

लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका विस्थापित सदस्यको समस्या समाधान गर्न आवश्यक संयन्त्र बनाउने र ऋण तिर्न नसकेर आन्दोलनमा लागेका ऋणीको समस्या समाधानका निम्ति पहल गर्ने सहमति भएको छ ।

यस्तै लघुवित्त संस्थाले गर्ने लगानीलाई उत्पादनमा आधारित बनाइ किस्ता निर्धारण तथा व्यवसायजन्य लगानीको सुरक्षाका लागि बिमालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सहमति भएको छ। यसैगरी कारोना भाइरसका कारण भएको बन्दाबन्दी र हालको आर्थिक मन्दीमा देखापरेको असहज स्थितिमा सञ्चालित स-साना व्यवसाय तथा कृषि पेसामा आवद्ध जनसमुदायमा परेको असर न्यूनीकरणका लागि लघुवित्त वित्तीय संस्थाको लगानीलाई अझ बढी प्रभावकारी रूपमा कार्यान्वयन गरिने, ऋणी सदस्यसँग कर्जा असूली गर्दा मानवीय र सम्मानजनक व्यवहार गर्दै स्वस्थ लघुवित्तसम्बन्धी अभ्यास कार्यान्वयन गर्नेजस्ता विषयमा सहमति भएको सङ्घका महासचिव रामबहादुर यादवले बताए ।

उनले लघुवित्त वित्तीय संस्थाको प्रत्येक शाखाका पाँच विपन्न ग्राहक सदस्यका छोराछोरीलाई सरकारी आधारभूत तथा माध्यामिक तहसम्म अध्ययनका लागि छात्रवृत्ति व्यवस्था, कर्मचारी पदपूर्ति गर्दा ग्राहक सदस्यका छोराछोरीलाई योग्यता तथा क्षमताको आधारमा प्रथामिकता दिने निर्णयसमेत भएको बताए ।

पत्रकार सम्मेलनमा सङ्घर्ष समितिका उपाध्यक्ष एलिमा मियाँले लघुवित्त बैंकर्सहरूले विद्यमान समस्या समाधान गर्दै लैजाने र ऋणीको समस्यासमेत समाधान गर्न पहल गर्ने गरी सहमति भएको बताए ।

समितिका महासचिव प्रेम विकले विगत आठ महिनादेखि चल्दै आएको आन्दोलन स्थगित भएको बताए । लघुवित्त संस्थाले ऋणीमा पारेको समस्याका कारण विसं २०७८ साल चैत २९ गते एक सय ५१ सदस्यीय सङ्घर्ष समिति तयार गरी आन्दोलन गर्दै आएको थियो ।

पत्रकार सम्मेलनमा नेपाल लघुवित्त बैंकर्स सङ्घका सल्लाहाकार वसन्त लम्सालले सात प्रतिशत हाराहारी खराब ऋणी रहेको जानकारी दिए । उनका अनुसार लघुवित्त संस्थामा अहिले रु ३३ लाख १३ हजार ऋणी रहेकामा पाँच लाख ७७ हजार नौ सय ८१ जनाको ऋणको भाखा नाघेको र तीमध्ये धेरै ऋणीको ऋण थोरै मात्र रहेको छ ।

सङ्घका पूर्वकोषाध्यक्ष नुमनाथ पौडेलका अनुसार लघुवित्त संस्थामा अहिले समूह जवानीमा ८७ प्रतिशत ऋण लगानी र धितो जवानीमा १३ प्रतिशत ऋण लगानी भएको छ । समूहगत जवानीमा रु सात लाखसम्म र धितो लगानीमा रु १५ लाखसम्म ऋण लगानी भएको उनले बताए । लघुवित्त संस्थामा हालसम्म ६० लाख घरधुरी छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ